शिवसताक्षी नगरपालिका

**स्थानीय राजपत्र**

**खण्ड १०　　संख्या २　　मिति २०८३-०२-१२**

**भाग २**

# विद्यालय विकास प्रस्तावका आधारमा प्रधानाध्यापक छनोट सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः** शिवसताक्षी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यालय प्रशासनलाई चुस्त , प्रभावकारी र नतिजामूलक बनाउन तथा विद्यालयको कुशल नेतृत्वका लागि प्रतिस्पर्धात्मक र पारदर्शी रूपमा विद्यालय विकास प्रस्तावका आधारमा योग्य तथा सक्षम प्रधानाध्यापक छनोट गरी करार सम्झौता मार्फत व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र शिवसताक्षी नगरपालिकाको शिक्षा,२०७६ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३-०२-०८　　प्रमाणिरकण मितिः २०८३-०२-११**

## परिच्छेद-१ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विद्यालय विकास प्रस्तावका आधारमा प्रधानाध्यापक छनोट सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि शिवसताक्षी नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले शिवसताक्षी नगरपालिका सम्झनु पर्छ।
(ख) "कार्यपालिका" भन्नाले शिवसताक्षी नगर कार्यपालिका सम्झनु पर्छ।
(ग) "प्रमुख/उपप्रमुख" भन्नाले शिवसताक्षी नगरपालिकाको प्रमुख/उपप्रमुख सम्झनु पर्छ।
(घ) "प्रमुख प्रशासकिय अधिकृत " भन्नाले शिवसताक्षी नगरपालिकाको कार्यालय प्रमुखलाई सम्झनु पर्छ।
(ङ) " शाखा प्रमुख " भन्नाले शिवसताक्षी नगरपालिकाको शिक्षा,युवा तथा खेलकूल शाखाको शिक्षा अधिकृतलाई सम्झनु पर्छ।

(च) "विद्यालय" भन्नाले नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक (आधारभूत र माध्यमिक) विद्यालय सम्झनु पर्छ।
(छ) "प्रधानाध्यापक" भन्नाले यस कार्यविधि बमोजिम छनोट भई नियुक्त भएको विद्यालयको प्रशासकीय तथा शैक्षिक प्रमुख सम्झनु पर्छ।
(ज) "समिति" भन्नाले प्रधानाध्यापक छनोटका लागि दफा ५ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।
(छ) "विद्यालय विकास प्रस्ताव" भन्नाले विद्यालयको समग्र शैक्षिक , भौतिक र व्यवस्थापकीय सुधारका लागि उम्मेदवारले पेस गरेको पञ्चवर्षीय रणनीतिक योजना सम्झनु पर्छ।

## परिच्छेद -२ः प्रधानाध्यापकको योग्यता र दरखास्त आह्वान

**३. प्रधानाध्यापकको लागि आवश्यक न्यूनतम योग्यताः**प्रधानाध्यापक पदमा उम्मेदवार हुन देहायको योग्यता पूरा भएको हुनुपर्नेछः

(क) सम्बन्धित तहको शिक्षक पदमा कम्तीमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता (आधारभूत तहका लागि स्नातक र माध्यमिक तहका लागि स्नातकोत्तर) हासिल गरेको।
(ग) कुनै पनि प्रकारको विभागीय कारबाहीमा नपरेको वा कारबाही फुकुवा भएको १ वर्ष व्यतीत भइसकेको।
(घ) शिक्षा नियमावली अनुसार प्रधानाध्यापक हुन अयोग्य नठहरिएको।

**४. दरखास्त आह्वानः**
(१) सम्बन्धित विद्यालयले रिक्त रहेको वा रिक्त हुने प्रधानाध्यापक पदपूर्तिका लागि कम्तीमा १५ (पन्ध्र) दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ।
(२) सूचनामा तोकिएको म्यादभित्र इच्छुक र योग्य शिक्षकले विद्यालयमा व्यक्तिगत विवरण र ५ वर्षे "विद्यालय विकास प्रस्ताव" सहित दरखास्त पेस गर्नुपर्नेछ।

## परिच्छेद-३ः छनोट समिति र मूल्याङ्कन प्रक्रिया

**५. प्रधानाध्यापक छनोट समितिः**प्रधानाध्यापकको छनोट तथा सिफारिस गर्न देहाय बमोजिमको एक छनोट समिति रहनेछः
(क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - अध्यक्ष
(ख) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा सेवाको अधिकृत प्रतिनिधि - सदस्य
(ग) नगरपालिकाले तोकेको विषय विज्ञ २ जना - सदस्य
(घ) सम्बन्धित विद्यालयको नि.प्र.अ. - सदस्य सचिव

**६. मूल्याङ्कनका आधार र अङ्कभारः** प्रधानाध्यापकको छनोट गर्दा कुल १०० पूर्णाङ्क मानी देहायका आधारमा मूल्याङ्कन गरिनेछः
(क) शैक्षिक योग्यता - २५ अङ्क
(ख) शिक्षण अनुभव - २५ अङ्क
(ग) तालिम - १२ अङ्क
(घ) विद्यालय विकास प्रस्तावको मूल्याङ्कन - १४ अङ्क
(ङ) नेतृत्व लिने क्षमता - १२ अङ्क
अंक विभाजन शिक्षा नियमावली, २०५९(संशोधन सहित) को अनुसूची १३ बमोजिम हुनेछ ।

**७. विद्यालय विकास प्रस्तावमा हुनुपर्ने मुख्य विषयवस्तुः** उम्मेदवारले पेस गर्ने प्रस्तावमा देहायका विषयवस्तु समावेश भएको हुनुपर्नेछः

(क) विद्यालयको वर्तमान अवस्थाको विश्लेषण (SWOT Analysis)

(ख) ५ वर्षे लक्ष्य र उद्देश्यहरू
(ग) शैक्षिक गुणस्तर अभिवृद्धिका रणनीतिक कार्यक्रमहरू (विद्यार्थी सिकाइ उपलब्धि सुधार योजना)
(घ) भौतिक पूर्वाधार तथा प्रविधि विकास योजना
(ङ) अतिरिक्त क्रियाकलाप र विद्यार्थीको सर्वाङ्गीण विकास योजना
(च) आर्थिक स्रोत सङ्कलन तथा परिचालन योजना
(छ) समुदाय, अभिभावक र सरोकारवालासँगको समन्वय योजना
(ज) वार्षिक कार्यसम्पादन सूचकहरू (KPIs)

## परिच्छेद -४ : नियुक्ति, करार सम्झौता र कार्यसम्पादन मूल्याङ्कन

### ८. नियुक्ति तथा करार सम्झौताः

(१) छनोट समितिले कम्तीमा ६० अङ्क प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकमा नियुक्तिको लागि सिफारिस गर्नेछ।
(२) सिफारिस भएको उम्मेदवारलाई नगर शिक्षा समितिको निर्णयानुसार शिक्षा शाखा प्रमुखले ५ (पाँच) वर्षको लागि प्रधानाध्यापक पदमा नियुक्ति दिनेछ।
(३) नियुक्ति पत्र लिनुअघि प्रधानाध्यापकले आफूले पेस गरेको विद्यालय विकास प्रस्तावका आधारमा नगरपालिकासँग ५ वर्षे "कार्यसम्पादन करार सम्झौता" गर्नुपर्नेछ।

### ९. प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कनः

(१) प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कन करार सम्झौतामा उल्लेखित सूचक ( KPIs) का आधारमा प्रत्येक वर्ष गरिनेछ।
(२) मूल्याङ्कन गर्दा विद्यार्थीको सिकाइ उपलब्धि , विद्यालयको भौतिक सुधार , सुशासन र आर्थिक पारदर्शितालाई मुख्य आधार मानिनेछ।
(३) वार्षिक मूल्याङ्कनमा लगातार दुई वर्षसम्म ५० प्रतिशत भन्दा कम लक्ष्य हासिल गर्ने प्रधानाध्यापकलाई समितिले पदबाट हटाउन सिफारिस गर्न सक्नेछ।

**१०. पदमुक्तिः**देहायको अवस्थामा प्रधानाध्यापक पदमुक्त हुनेछः

(क) ५ वर्षे करार अवधि समाप्त भएमा,
(ख) निजले दिएको राजीनामा स्वीकृत भएमा,
(ग) कार्यसम्पादन मूल्याङ्कन सन्तोषजनक नभई समितिले पदमुक्त गर्न सिफारिस गरेमा,
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) प्रचलित कानुन बमोजिम विभागीय कारबाही भई सेवाबाट बर्खास्त भएमा।

## परिच्छेद - ५ः विविध

**११. विशेष व्यवस्थाः** कुनै विद्यालयमा प्रधानाध्यापकको दरखास्त नपरेमा वा सम्बन्धित विद्यालयमा सोहि तहको योग्यता भएको शिक्षक नभएमा नगरपालिका भित्रको योग्यता पुगेको जुनसुकै शिक्षकले दरखास्त दिन पाउनेछन् ।यसरी दरखास्त दिएको शिक्षक प्रधानाध्यापकमा नियुक्ति भएमा विद्यालयमा दरबन्दि मिलान तथा कामकाज व्यवस्थापन गर्न नगर शिक्षा समितिलाई बाधा पर्ने छैन ।

**१२. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

**१३. खारेजी र बचाउः**यस कार्यविधि लागू हुनु अघि प्रधानाध्यापक नियुक्ति सम्बन्धी नगरपालिकाबाट जारी भएका अन्य व्यवस्थाहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ र यस कार्यविधिसँग बाझिएका हदसम्म स्वत अमान्य हुनेछन्।

**आज्ञाले**
**सुनिता तुम्बाहाङ्फे**
**प्रमुख प्रशासकीय अधिकृत**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३-०२-०८** **प्रमाणिरकण मितिः २०८३-०२-११**